# जोरायल राजपत्र

## जोरायल गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ७ संख्या ४ मितिः 2080 असार 11

### भाग- २

### जोरायल गाउँपालिकाको सूचना

स्थानीय सरकार सञ्चालन ऐन 2074 को दफा 102 उपदफा (3) बमोजिम सर्वसाधारण जनताको जानकारीका लागि प्रकाशन गरिएको छः

**ज्येष्ठ नागरिक परिचयपत्र वितरण कार्यविधि,२०८०**

# ज्येष्ठ नागरिक परिचयपत्र वितरण कार्यविधि,२०८०

प्रमाणिकरण मितिः-2080/03/11

## १. परिचय

ज्येष्ठ नागरिकहरूलाई संरक्षण सामाजिक सुरक्षा प्रदान गर्न तथा निजहरूमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरी निजहरू प्रति श्रद्धा, आदर तथा सद्भाव अभिवृद्धी गर्नका साथै राज्यद्वारा तोकिएको सेवा एवं सुविधाको उचित व्यवस्थापन गरी नेपालको संविधानको अनुसूची-८ को क्र.सं.१६ बमोजिम तथा स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा १०२ बमोजिम जोरायल गाउँ कार्यपालिकाको मिति २०८०/०3/१0 को बैठकले पारित गरि यो कार्यविधि लागू गरेको छ ।

## २. परिचयपत्र वितरणका आधार

नेपालको संविधानको धारा ४१ मा उल्लेख भए बमोजिम ज्येष्ठ नागरिकहरूको हक, ज्येष्ठ नागरिक सम्बन्धी नियमावली२०६५ को नियम १५ अनुसार ज्येष्ठ नागरिकहरूलाई परिचयपत्र दिने व्यवस्था लगायत ज्येष्ठ नागरिक परिचयपत्र वितरणका आधार हुनेछन्।

## ३. उद्देश्य

क) ज्येष्ठ नागरिकहरूको पहिचान गर्ने र स्थानीय तहदेखि नै ज्येष्ठ नागरिकहरूको लगत राख्ने। लगत राख्ने उक्त लगत राख्ने कार्यमा एकरूपताका लागि अनुसूची २ को ढाँचामा लगत राख्नु पर्नेछ ।

ख) नेपालको संविधान अनुसार प्रदत्त ज्येष्ठ नागरिकहरूको हक अधिकार सुनिश्चित गर्न र ज्येष्ठ नागरिकको वर्गीकरण अनुसार सार्वजनिक सवारी साधन, सार्वजनिक कार्य, स्वास्थ्य सेवा , धार्मिक तथा सार्वजनिक स्थलमा ज्येष्ठ नागरिकलाई आवश्यक सेवा, सुविधा, र सहयोग सरल रूपमा प्रदान गर्ने ।

ग) प्रचलित ऐन, नियम अनुसार ज्येष्ठ नागरिकहरूलाई सामाजिक सुरक्षा, न्याय , अधिकार र समानता प्रदान गरी निजहरूमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरी विकास प्रक्रियामा सहभागी गराउने ।

## ४. लक्षित वर्ग

ज्येष्ठ नागरिक सम्बन्धी ऐन,२०६३ ले परिभाषित गरे अनुसारका साठी वर्ष उमेर पुरा गरेका सबै नेपाली नागरिकहरू ।

## ५. ज्येष्ठ नागरिकको वर्गीकरण

ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १४ को उपनियम (1) बमोजिम ज्येष्ठ नागरिकहरूको वर्गीकरण देहाय बमोजिम गरिएको छ ।

(क) साठी वर्ष पूरा गरी सत्तरी वर्ष उमेर पुरा नगरेको ज्येष्ठ नागरिक ।

(ख) सत्तरी वर्ष उमेर पुरा गरेको वरिष्ठ ज्येष्ठ नागरिक ।

(ग) असाहय ज्येष्ठ नागरिक ।

(घ) अशक्त ज्येष्ठ नागरिक ।

(ङ) एकल ज्येष्ठ नागरिक ।

## ६. परिचयपत्र वितरणका मापदण्ड

ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १५ बमोजिम साठी वर्ष उमेर पुगेको नेपाली नागरिकलाई मात्र ज्येष्ठ नागरिक परिचयपत्र प्रदान गर्न सकिनेछ ।

## ७. ज्येष्ठ नागरिक परिचयपत्रको ढाँचा

ज्येष्ठ नागरिक परिचयपत्रको ढाँचा निर्देशिकाको अनुसूची-१ बमोजिमको हुनेछ । ज्येष्ठ नागरिक परिचयपत्रको आकार नेपाली नागरिकताको प्रमाण पत्रको आकार बराबर हुनेछ । उक्त परिचयपत्र एकतातर्फ नेपाली भाषामा र पछाडी पट्टि अंग्रेजी भाषामा समेत हुनेछ ।

## ८. परिचयपत्र वितरणका प्रक्रिया

(क) ज्येष्ठ नागरिक परिचयपत्र प्राप्त गर्न साठी वर्ष उमेर पुगेको ज्येष्ठ नागरिक स्वयं वा निजको संरक्षकले सम्बन्धित स्थानीय तहको वडा कार्यालयमा वडा अध्यक्ष समक्ष निवेदन दिनु पर्नेछ ।

(ख) नवेदनमा आफ्नो उमेर खुलेको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र २ प्रति अटो साइजको फोटो संलग्न हुनु पर्नेछ ।यस प्रयोजनको लागि नागरिकताको प्रमाण पत्रलाई आधार मानिनेछ ।

(ग) ज्येष्ठ नागरिक परिचयपत्र गाउँपालिकाको कार्यालय जोरायल मार्फत प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी द्वारा प्रदान गरिने छ ।

(घ) परिचय प्राप्त ज्येष्ठ नागरिकहरूको लगत तोकिए बमोजिमको सफ्टवेयरमा कम्प्युटराईज गरी वडा तथा गाउँपालिका कार्यालय मार्फत वार्षिक रूपमा प्रदेश र संघको सम्बन्धित मन्त्रालयमा जानकारी गराउनु पर्नेछ ।

(ङ) ज्येष्ठ नागरिक परिचयपत्रको प्रतिलिपि लीन गाउँ कार्यपालिकाको कार्यालय जोरायलमा रु१००।–(एक सय रुपया) दस्तुर सहित पेश गर्न पर्नेछ ।

(च) यस गाउँपालिका बाहेक अन्य स्थानको नेपाली नागरिकताको प्रमाणपत्र भएमा अनिवार्य रूपमा निजले बसाई सराई वा मत दाता परिचयपत्र पेश गर्नु पर्नेछ ।

(छ) यस पूर्व महिला तथा बालबालिका कार्यालयबाट ज्येष्ठ नागरकहरूले प्राप्त गरेको परिचय पत्र यसै कार्यविधि बमोजिम भए गरेको हुनेछ ।

**९. विविध**

क) ज्येष्ठ नागरिक परिचयपत्र वितरणका लागि सम्बन्धित स्थानीय तहले आफ्नो कार्यविधि आफै निर्धारण गर्नेछ ।

ख) गाउँपालिकालाई आवश्यक लागेमा कार्यपालिका ज्येष्ठ सदस्यको संयोजकत्वमा कार्यविधिले तोके बमोजिमको सदस्य रहने गरि एक ज्येष्ठ नागरिक कल्याण समिति गठन गर्न सक्नेछ ।

**अनुसूची १**

**जोरायल गाउँपालिका**

गाउँ कार्यपालिकाको कार्यालय

रावतकट्टे, डोटी

सुदुरपश्चिम प्रदेश, नेपाल

**ज्येष्ठ नागरिक परिचय-पत्र**

परिचयपत्र नं.:-

नाम/थर:-...................................

ना.प्र.नं.:-................. जारी मिति:-...............जारी जिल्ला:-.................

ठेगाना:- जिल्ला डोटी जोरायल गाउँपालिका वडा नं.:-........ टोल:-............

जन्म मिति:-..................उमेर................लिङ्ग:...................

उपलब्ध छुट तथा सुविधाहरू:-.........................................

पति /पत्नीको नाम:-...................................

हेरचाह केन्द्रमा बसेको भए सो को विवरण:-..........................................

...........................................................................................................................

संरक्षकको नाम,थर:-.....................................................................

सम्पर्क गर्नुपर्ने व्यक्तिको नाम/थर:-.................................................

सम्पर्क नं......................................

रक्त समुह र रोग भ रोगको नाम र सेवन गरिरहेको औषधीको नाम:-

.......................................

<u>प्रमाणित गर्नेको</u>

दस्तखत:-

नाम थर:-

पद:-

जारी मिति

| कार्यालयको छाप |
|---|

**अनुसूची २**

**ज्येष्ठ नागरिक परिचय-पत्र अभिलेख विवरण**

जिल्ला ......................गाउँपालिका .........................वडा नं................ प्रदेश.....................

| सि.नं. | नाम,थर | जन्म मिति | बुवा/आमाको नाम थर | बाजेको नाम थर | पति पत्नीको नाम थर | संरक्षकको नाम थर | ना.प्र.नं. तथा जारी मिति | ज्येष्ठ नागरिक परिचय पत्र नं. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

**तयार गर्ने**

**नाम थर:-**

**पद** :-

**प्रमाणित गर्ने**

**नाम थर :-**

पद :-

## अनुसूची-१

(नियम ८ को उपनियम (१), नियम १२ को उपनियम (3) र नियम १६ को उपनियम (३) सँग सम्बन्धित)

## ज्येष्ठ नागरिकको व्यक्तिगत अभिलेख

१ ज्येष्ठ नागरिकको व्यक्तिगत विवरण

(क) ज्येष्ठ नागरिकको नाम थर:-

(ख) बाबु तथा आमाको नाम:-

(ग) बाजे तथा बज्यैको नाम:-

(घ) जन्म मिति र स्थान:-

(ङ) ठेगाना:-

## अनुसूची-१

(नियम ८ को उपनियम (1), नियम १२ को उपनियम ( १२ को उपनियम (3) र नियम १६ को उपनियम(3) सँग सम्बन्धित)

### ज्येष्ठ नागरिकको व्यक्तिगत अभिलेख

**१.** **ज्येष्ठ नागरिकको व्यक्तिगत विवरण**

**(क)** **ज्येष्ठ नागरिकको नाम थर:-**

**(ख)** **बाबु तथा आमाको नाम :-**

**(ग)** **बाजे तथा बज्यैको नाम** :-

**(घ)** **जन्म मिति र स्थान** :-

**(ङ)** **ठेगाना** :-

**(अ)** **स्थायी ठेगाना** : जिल्ला........... गाउँपालिका...........वडा नं.............टोल/गाउँ.......................मो.नं................

**(आ)** **अस्थायी ठेगाना**:-...................

**(च)** **लिङ्ग**..........

**(छ)** **स्वास्थ्य सम्बन्धी विवरण (कुनै रोग, शारीरिक अपाङ्गता र कुनै दीर्घ रोग भए खुलाउने)**

**(ज)** **नागरिकता:-............................**

**२.** **ज्येष्ठ नागरिकको परिवार सम्बन्धी विवरण:-**

**(क)** **सगोलको छोरा, बुहारी, छोरी , नाति, नातिनीको-**

**(अ)** **नाम, थर र ठेगाना:-**

**(आ)** **सम्पती तथा आयस्ता सम्बन्धी विवरण:-**

**(ख)** **हकवाला सम्बन्धी विवरण:-**

**क्र.सं. नाम,थर उमेर नाता व्यवसाय ठेगाना**

१. ..........................................

२. ..........................................

३. ..........................................

**(ग)** **अन्य पारिवारिक पृष्ठभुमि:-**

**3. ज्येष्ठ नागरिकको शैक्षिक योग्यता र पेशागत दक्षता:-**

**(क)** शैक्षिक योग्यता **:-**

**(ख)** पेशागत दक्षता **:-**

**(ग)** अनुभवको क्षेत्र **:-**

४**.** ज्येष्ठ नागरिकको सम्पति विवरण**:-**

**(क)** चल सम्पती**:-**

**(ख)** अचल सम्पती**:-**

प्रमाणित गर्नेको **:-**

नाम थर **:-**

पद **:-**

निकाय :

.....................................